# ६ योना
# क्षमा दिन उत्सुक

*यस अध्यायको निम्ति पढ्नुहोस्:* योना १-४, भजन १३९:१-१२, येशैया ४२:५, प्रकाश १०:६, मत्ती १२:३९-४१, २ इतिहास ३६:१५-१७।

*स्मरण गर्नुपर्ने पद:* "९ तर म तपाईंको प्रशंसा गाउनेछु, तपाईंलाई बलिदान चढाउनेछु र आफ्नो प्रतिज्ञा पूरा गर्नेछु। उद्धार परमप्रभुबाट आउँछ।" योना २:९।

*मूल सोच:* हामीले भन्दा परमेश्वरले अझ बढि क्षमा दिन उहाँ अत्यन्त उत्सुक हुनुहुन्छ भनेर योनाको पुस्तकले प्रमाणित गर्दछ। (हामी भन्दा परमेश्वर अति सदाशयी हुनुहुन्छ)।

बाइबलका धेरै लोकप्रिय कथाहरूमा योनाको कथा पनि एक हो। निनभे भन्ने देशलाई परमेश्वरले ध्वस्त गर्नुहुनेछ भनेर त्यस देशका बासिन्दाहरूलाई चेतावनी दिन उहाँले अगमवक्तालाई पठाउनु भएको थियो। परमेश्वरको चेतावनी पाएर ती गैर-यहूदी अर्थात् म्लेच्छ जातिहरूले आफ्ना आफ्ना पापहरूबाट पश्चाताप गर्दै परमेश्वरतिर फर्किनेछ र तिनीहरूले उहाँलाई क्षमा दिनुहुनेछ भनेर योनाले आभास पाएका थिए। परमेश्वरको सत्य अगमवक्ता भएको नाताले योनालाई यो कुरा थाहा थियो कि निनभेलाई नाश गर्ने होइन तर उद्धार गर्ने परमेश्वरको योजना हो। पूर्वाग्रहले ग्रसित भएको योना परमेश्वरको निर्देशन पालन गर्न पहिला त राजी भएन, त्यसकारण उहाँको सन्देश नसुनाउन योना उहाँबाट भाग्न खोजे। तर पछि उनले आफ्नो मनस्थितिलाई परिवर्तन गर्न वाध्य हुनुपर्‍यो र परमेश्वरको निर्देशनलाई पालन गरे।

सारा शहरी राज्य निनभेले योनाको सन्देशलाई विश्वास गरे र तिनीहरूले आआफ्ना पाप र दुष्ट्याईंलाई पश्चाताप गरि त्यागे। तर यहूदा र इस्राएली राज्यले त्यस निनभेको अनुसरण गरेनन्। धेरै महत्त्वपूर्ण पाठहरू योनाले सिक्नुपर्ने थियो। परमेश्वरको सदाशयता, अनुग्रह, दया, करूणा र क्षमाशीलता भनेको के हो भनेर संकुचित

दिमाग र हठी अगमवक्ता योनालाई धैर्यतासाथ परमेश्वरले सिकाउँदै हुनुहुन्थ्यो भनेर योनाको पुस्तकले खुलासा गर्दछ।

## १. परमेश्वरको कुरा नमान्ने अगमवक्ता (योना १)

योना र उनका परिवारको पृष्टभूमीको बारेमा त्यस्तो जानकारी दिइएको छैन। २ राजा १४:२५मा उल्लेख गरिएको अनुसार उनी इस्राएलको उत्तरी भागमा रहन्थे। ई,पूर्व ८००मा त्यहाँ उनी परमेश्वरको निम्ति सेवाकार्य गर्दथे। इस्राएली राज्यको भोगौलिक आकार ठूलो हुनेछ भनेर योनाले भविष्यवाणी गरेको त्यही पदमा उल्लेख गरिएको छ।

गैर-यहूदी साम्राज्य असेरियामा तिनवटा धेरै ठूला शहरहरू थिए। ती मध्ये निनभे पनि एक थियो। टाइग्रिस नदिको किनारामा अवस्थित त्यस शहरी राज्य अत्यन्त महत्त्वपूर्ण राज्य थियो। परमेश्वरले सृष्टि गर्नुभएको हुनाले त्यस देशका बासिन्दाहरू परमेश्वरको निम्ति मूल्यवान् थिए। चाहे परमेश्वरलाई विश्वास गरोस् वा नगरोस्, उहाँ सबै राष्ट्रहरूका परमेश्वर हुनुहुन्छ। सारा संसारका मानिसहरू उहाँप्रति जवाफदेही हुनुपर्दछ (आमोस १-२)। निनभे शहरी राज्य भ्रष्ट र दुष्टयाईंमा निपुण भएको थियो। त्यसकारण त्यस शहरलाई परमेश्वरले नाश गर्नेछ भनेर मानिसहरूलाई चेतावनी दिन उहाँले आफ्ना सेवक योनालाई अऱ्हाउनुभएको थियो। योनालाई दिएको सन्देश यस प्रकारको छः “एक दिन अमित्तैको छोरो योनासित परमप्रभु बोल्नुभयो। २ उहाँले भन्नुभयो, “त्यो ठूलो सहर निनवेमा जा र त्यसको विरुद्धमा बोल्। त्यहाँका मानिसहरू कति दुष्ट छन्, त्यो म जान्दछु।” (योना १:१,२) “विरुद्धमा बोल"को अर्थ “त्यहाँ प्रचार गर" भनेर जनाउँछ।

असेरियाका बासिन्दाहरू अत्यन्त क्रुर हुने स्वभावमा प्रख्यात थियो। योनाको कथाको करिब एक सय वर्ष पछि परमेश्वरको अगमवक्ता नेहुमले निनभेको बारेमा यसरी वाख्या गरेका थिए, “त्यस शहर रक्तालु शहर हो.....त्यस शहर फटाहा र डकैतीले भरिएको छ" (नेहुम ३:१)। त्यस्तो निष्ठुर र निर्दयी स्वभाव भएका मानिसहरूकहाँ गएर परमेश्वरको सन्देश सुनाउन उहाँले खटाउनुभएको थियो। असेरियाका मानिसहरूलाई योनाले अत्यन्त घृणा गर्दथे। त्यही घृणा र पूर्वाग्रहले योनाको दिमागलाई प्रभाव पारेको थियो। जब परमेश्वरले

योनालाई पूर्वतिर रहेको निनभेमा यात्रा गर्नु भनेर अन्हाउनुभयो तब उनले उहाँको कुरा सुन्न अश्विकार गरे, बरू अर्कै शहर टार्शिसमा जहाजबाट भाग्न प्रयास गरे।

सुरूमा जहाजको यात्रा सुमधुर थियो। परमेश्वरको वचनलाई पालन गर्नुबाट भाग्न आफू सफल भएको योनाले ठानिरहेका थिए। तर परमेश्वर उनीबाट रूष्ट हुनुभयो र उहाँले ठूलो हुरी बतास त्यस जहाजको वरिपरि पठाउनुभयो। कोहि मानिस पनि परमेश्वरबाट लुक्न र भाग्न सक्दैन भनेर थाहा पाउन् भनेर परमेश्वरले आफ्नो सेवकलाई उहाँले सिकाउन चाहनुभएको थियो।

योनामा १:३-५मा यसरी लेखिएको छ, "३ तर योना परमप्रभुदेखि भाग्न विपरीत दिशातिर लागे। उनी योप्पा सहरमा पुगे र त्यहाँ तर्शीशमा जाने एउटा जहाज भेट्टाए। तर्शीश जानलाई भाडा तिरेर तिनी जहाजमा चढे। तर्शीशमा परमप्रभुदेखि टाढा हुनेछु भन्ने उनको विचार थियो। ४ तर परमप्रभुले समुद्रमा ठूलो बतास चलाउनुभयो। समुद्रमा प्रचण्ड आँधी चल्यो र जहाज भत्किने डर भयो। ५ नाविकहरू डराए र मद्दतको लागि आ-आफ्ना देवताहरूलाई पुकार्न थाले। त्यसपछि जहाज नडुबोस् भनी त्यसमा भएका मालमत्ता तिनीहरूले समुद्रमा फाल्न थाले। योनाचाहिँ जहाजको मालसामान राख्ने मुनिको भागमा मस्त निद्रामा थिए।" परमेश्वरको इच्छा पालन गर्न उहाँबाट योना भाग्दछ। आज पनि परमेश्वरबाट मानिस टाढा रहन वा भाग्न धेरै बहानाहरू रचेको पाइन्छ। उहाँको बारेमा आत्मज्ञान नभएकोले कतिपय मानिसहरू उहाँबाट टाढा रहन्छन्। परमेश्वर र बाइबल भन्ने बित्तिकै त्यस्तो कुरामा विश्वास गर्नुहुन्न भनेर कतिपयले अश्वीकार गर्दछन। परमेश्वरलाई विश्वास नगर्नुमा विभिन्न मानिसहरूको आआफ्नै तर्कहरू हुनसक्दछन्, तर यथार्थमा तिनीहरू परमेश्वरको कुरा सुन्न तिनीहरू इन्कार गरेको पाइन्छ। परमेश्वरलाई विश्वास नगर्दा तिनीहरूको पत्थर जस्तै कठोर हुन्छ। त्यसको फलस्वरूप तिनीहरू जुनसुकै भ्रष्ट परिस्थितिमा परेपनि आफू दोषी भएको आभास पाउँदैनन्। आफ्ना आचरण वा जीवनशैली अनुचित छन् भन्ने भावना तिनीहरूको मन, दिमाग वा चेतनाबाट हटाइएको हुन्छ। न्याय गर्ने अर्थात् हेरिरहने परमेश्वर नै छैन भने मानिसहरूले जे पायो त्यो किन नगर्ने? परमेश्वरले अन्हाउनु भएको काम गर्न नपरोस भनेर कतिपय इसाई भनाउँदाहरू

पनि परमेश्वरलाई पन्छाएर बस्न चाहन्छन्। किनभने परमेश्वरले गर भन्नुभएको काम तिनीहरूलाई मन नपर्न सक्छ। तिनीहरूको स्वार्थता, मान, इज्जत, भाऊ र पापपूर्ण स्वभावमा धक्का पर्ने भएकोले अन्तर चेतनालाई दवाएर हुनसक्छ परमेश्वरको आह्वानलाई वेवास्ता गरेको हुनसक्छ।

हामी सबैको हितको निम्ति दिएको आधारभूत सन्देश भजन १३९:१-१२ मनन् गर्नु किन जरुरी छ, हेर्नुहोस्, "परमप्रभु, तपाईंले मलाई जाँच्नुभएको छ र चिन्नुहुन्छ। २ मैले गरेका सबै काम तपाईंले जान्नुहुन्छ, टाढैबाट तपाईंले मेरा सबै विचारहरू बुझ्नुहुन्छ। ३ म काम गर्दा वा विश्राम लिंदा तपाईंले मलाई देख्नुहुन्छ, तपाईंले मेरा सबै काम जान्नुहुन्छ। ४ मेरो ओठ खोलिनुभन्दा अघि नै मैले के भन्न लागेको छु, सो तपाईंले जानिसक्नुभएको हुन्छ। ५ मेरा चारैपट्टि, हरेक दिशामा तपाईं हुनुहुन्छ, आफ्नो बलले तपाईंले मेरो रक्षा गर्नुहुन्छ। ६ मेरा बारेमा तपाईंको ज्ञान अति गहिरो छ, त्यो मेरा समझशक्तिले म बुझ्न सक्दिनँ। ७ तपाईंदेखि भागेर म कहाँ जान सक्छु र? तपाईंको उपस्थितिबाट म कहाँ टाढा हुन सक्छु र?

८ म उँभो स्वर्गमा गएँ भने, त्यहाँ तपाईं हुनुहुन्छ; म मृत्यु-लोकमा उत्रें भने त्यहाँ तपाईं हुनुहुन्छ। ९ पूर्वमा धेरै टाढासम्म उडी गएँ भने, वा पश्चिममा टाढाभन्दा टाढामा गई बास गरें भने, १० मलाई डोर्‍याउन भनी तपाईं त्यहाँ हुनुहुन्छ, मलाई सहायता दिन भनी तपाईं त्यहाँ पनि हुनुहुन्छ, ११ अन्धकारलाई म "मलाई लूका" भन्न सकूँला, वा मेरा चारैपट्टिका उज्यालोलाई "रात बन्" भन्न सकूँला, १२ तर अन्धकार तपाईंको लागि अँध्यारो हुँदैन,
र रातचाहिँ दिनजस्तै उज्यालो हुन्छ, तपाईंको निम्ति रात र दिन एकै हुन्।"

माथिका ती अंशहरू पढ्दा त्यसमा लेखिएको सत्यले तपाईंको मनमा कस्तो जागरण ल्याउन सक्छ? अर्थात् अर्को सोच्नुहोस्: परमेश्वरले हामीले जे गरिरहेकाछौं सो उहाँले हेरिरहनुमात्र भएको छैन हामीहरूको विचार वा नियतलाई पनि नियालीरहनुहुन्छ। के हामी त्यस आत्मज्ञानप्रति हामी हरदम सजग भइरहेकाछौं त? वा परमेश्वरलाई मैले देखेको छुइन, उहाँले पनि मलाई देख्नुहुन्न भन्ने मनस्थितिले गर्दा के हाम्रो जीवनमा उहाँको उपस्थितिलाई पन्छाइरहेकाछौं? वा हाम्रो विवेकद्वारा

**बोलिरहनुभएको परमेश्वरको आवाजलाई त्यो नियमित आवाज हो त्यसलाई ख्याल गरिरहनु त्यत्तिको आवश्यक छैन भनेर के आफूलाई चित्त बुझाइरहेकाछौं? जे भएतापनि यदि तपाईंको प्रत्येक सोच र नियतलाई परमेश्वरलाई थाहा छ भन्ने कुराप्रति संवेदनशील हुनुभयोभने तपाईंको आचरण र जीवनशैलीमा कस्तो परिवर्तन आउन सक्छ होला?**

## २. हिचकिचाउने गवाहीकर्ता (योना १:९)

योना भाग्नबाट रोकुन् भन्ने परमेश्वरको चाहनालाई योना १मा उल्लेख गरिएको छ। त्यसकारण उहाँले समुद्रमा उनी चढेको जहाजको वरिपरि यस्ता हुरीबतास पठाउनुहुन्छ कि जहाजनै टुक्राटुक्रा होला जस्तो भएको थियो। जहाजका चालक र सम्पूर्ण यात्रुहरूले आआफ्ना देवीदेवताहरूलाई पुकार्दछन्। तिनीहरूले सामना गरिरहेको तुफान यस्तो भयानक थियो कि त्यस जहाजमा यात्रा गरिरहेका कुनै मानिसले देवीदेवताहरूलाई रिसाउन दियो भनेर सोच्न वाध्य भएको थियो। तिनीहरूले जहाजमा भएका सबैको नाउँ शङ्कलन गरेर चिठ्ठा हाल्छन्। कसैको नाउँमा त्यो चिठ्ठा पर्‍यो भने तुफान कसरी चल्यो भनेर त्यसले स्पष्टिकरण दिनुपर्थ्यो। चिठ्ठा हाल्ने प्रक्रियामा प्रत्येक व्यक्तिले आफूसँग रहेको सानो पत्थर वा काठको कुनै टुक्रा ल्याउनुपर्दथ्यो। ती चिजहरू एउटा सिसीमा राखिन्थ्यो र हल्लाइ दिन्थ्यो। जबसम्म कुनै चिज त्यस सिसीबाट माथि आउँदैन तबसम्म त्यो हल्लाइ रहन्थ्यो। हल्लाउएर माथि निस्कने क्रममा पहिलो चिज योनाको परेछ। अनि जहाजका यात्रुहरूले उनीसँग तुफान आएको कारण सोध्छन। तब उनले आफू परमेश्वरबाट भाग्न खोजेको स्वीकार गर्दछन् र आफूलाई समुद्रमा फैंकिदिन अनुरोध गर्दछन्।

त्यो कथा अत्यन्त अचम्मको छ किनभने परमेश्वरलाई विश्वास नगर्ने जहाजका गैर-यहूदी यात्रुहरू सकारात्मक रूपमा क्रियाशील हुन्छ भने योनाचाहिँ नकारात्मक। जहाजका यात्रुहरूले धेरै देवीदेवताहरूको पूजा गर्दथे। तर तिनीहरूले सर्वशक्तिमान परमेश्वरप्रति यस्तो श्रद्धा देखाउँछन् की तिनिहरूपनि उहाँलाई प्रार्थना गर्न थाल्छन्। परमेश्वरको सेवक योनाप्रति पनि तिनीहरूले दया देखाउँछन्। तिनीलाई बचाउन ती जहाजका कर्मचारी र यात्रुहरू नजिकको जमिनमा जहाजल्याउन भरमग्दुर खियाउँछन्। तर तिनीहरूको प्रयास असफल हुन्छन् र तुफान

चलिनै रहन्छ। तर योनाले आफूलाई जहाजबाट फैंकिदिनु भनेर अनुरोध नै गरिरहेको हुन्छ। आखिरमा उनीसँग सहमत भएर उनलाई जहाजबाट बाहिर हुत्याइ दिन्छन्। योना जहाजबाट फैंकिएको लगत्तै हुरीबतास रोक्दछ। जहाजमा भएका कर्मचारी र यात्रुहरू परमेश्वरप्रति यस्तो श्रद्धा राख्दछन् कि तिनीहरूले उहाँको नाउँमा बली चढाउँछन् र उहाँको स्तुतीप्रशंसा गर्दछन्।

**योनाले आफूलाई परमेश्वरको सेवक भनेर चिनाउँदछन्। पद ९मा उनले परमेश्वरको बारेमा यसरी जानकारी दिन्छन्, "योनाले जवाफ दिए, "म हिब्रू हुँ। जल र स्थल दुवै बनाउनुहुने स्वर्गका परमेश्वर परमप्रभुलाई म पुज्दछु।" योनाले जुन रूपमा परमेश्वरको बारेमा जानकारी गराए त्यो किन उल्लेखनीय छ? त्यही सन्दर्भमा केही अरू पदहरू पनि पढौंः प्रकाश १४:७, "तिनले (स्वर्गदूत) ठूलो सोरले भने, "परमेश्वरको डर मान र उहाँको प्रशंसा गर किनभने उहाँले मानिस जातिको न्याय गर्ने बेला आइसकेको छ। आकाश, पृथ्वी, समुद्र र सब पानीका मूलहरू बनाउनुहुने परमेश्वरलाई मान-आदर देओ।" यशैया ४२:५, "५ परमेश्वरले आकाश बनाएर टाँग्नुभयो। उहाँले पृथ्वी र त्यसका सारा प्राणी सृजना गर्नुभयो। पृथ्वीका सबै मानिसहरूमा सास र जीवन हालिदिनुभयो।..." प्रकाश १०:६, "परमेश्वरको नाउँमा एउटा वाचा बाँधे। सधैं जिउँदो हुनुहुने, आकाश, पृथ्वी, समुद्र र तिनीहरूमा भएका सबै कुरालाई सृष्टि गर्नुहुने परमेश्वरको नाउँमा यो वाचा बाँधिएको थियो।....।"**

प्रकृति र पत्थरलाई देवीदेवताहरू भनेर पुज्ने मानिसहरूको अगाडि आफू समुद्र र जमिनको सृष्टिकर्ता परमेश्वरको उपासक हुँ भनेर स्वीकारेका थिए। परमेश्वरको उपस्थितिबाट भाग्नु कस्तो बेकारको रहेछ भनेर योनाको स्वीकारले देखाउँदछ। जब नचाहँदा नचाहँदै पनि योनालाई जहाजबाट समुद्रमा फैंकिदिन्छ तब तुफान तुरन्तै रोक्दछ। परमप्रभु सनातनका सृष्टिकर्ता परमेश्वरको मातहतमा समुद्र पनि छ भनेर जहाजमा भएका मानिसहरूलाई त्यस चर्तिकलाले देखाइएको थियो। त्यसले गर्दा समुद्रमा यात्रा गरिरहेका त्यस जहाजका मानिसहरूले परमेश्वरको झन उपासना गर्दछन्। सृष्टिकर्ता परमेश्वरप्रति भएको श्रद्धा, भय र मान ती मानिसहरूसँग कतिसम्म रह्यो सो हामीलाई भनिएको छैन। तर त्यस अचम्मको अनुभवबाट तिनीहरूले परमेश्वरको बारेमा

केही आत्मज्ञान सिकेका थिए भन्ने कुरामा कसैले असहमत जनाउन सक्दैन।

**हामीहरूको वरिपरि रहेका संसारका धेरै अद्भूत वस्तुहरूको बारेमा पूरै जानकारी हामीलाई नहुनसक्छ। विशेष गरेर हामीहरूको इन्द्रिय र समझसक्तिको पहुँचभन्दा बाहिरको कुरालाई हेर्दा कतिपयकुराहरूलाई बुझ्न सक्दैनौं। परमेश्वरले आफूले सृष्टि गर्नुभएको थोकहरूबाट तपाईंलाई कसरी बोलिरहनुभएको छ?**

## ३. योनाको भजन (योना २)

जब योनालाई समुद्रमा फैंकियो तब परमेश्वरको निर्देशनमा एउटा ठूलो माछ्राले उनलाई निलिदियो। जब समुद्रमा आफूलाई फैंकियो तब निनभेमा जाने लक्ष्यबाट भाग्न केवल एउटै उपाय थियो त्यो हो मृत्यु भनेर योनाले सोचेको थियो होला। तर अगमवक्तालाई बचाउन परमेश्वरले ठूलो माछ्रालाई प्रयोग गर्नुभयो (ह्वेल माछ्रा भनेर बाइबलमा उल्लेख गरिएको छैन)। अचम्मको कुरो त यो छ, परमेश्वरको अगमवक्ता तथा उपासकले उहाँको आज्ञा तुरुन्तै शिरोपर गरेन तर त्यस माछ्राले गरे (योना १:१७, योना २:१०)।

परमेश्वरको आश्चर्य काम यहाँ गजबसँग भएको देखिएको छ। कतिपयले त्यस कथाको उपहास पनि गर्दछन्। तर त्यो कथा सत्य हो भनेर येशूले स्वीकार्नुभएको थियो (मत्ती १२:४०)। आफ्नो मृत्यु र पुनरुत्थानको बारेमा पूर्व जानकारी दिन उहाँले योनाको कथाको उदाहरण प्रस्तुत गर्नुभएको थियो।

**योना २ अध्याय योनाको भजन भनेर जनाइएको छ। त्यहाँ उनले के आभार व्यक्त गरिरहेकाछन्? उनले के सिके? त्यस अध्यायबाट हामीले पनि के आत्मज्ञान सिक्नसक्छौं? हेर्नुहोस्: "१ माछ्राको पेटभित्रबाट योनाले परमप्रभु आफ्ना परमेश्वरलाई यसरी प्रार्थना गरेः २ "हे परमप्रभु, मेरो कष्टमा मैले तपाईंलाई पुकारें र तपाईंले मलाई उत्तर दिनुभयो। मैले पातालको गहिराइबाट सहायताको निम्ति कराएँ र तपाईंले मेरा पुकारा सुन्नुभयो। ३ तपाईंले मलाई समुद्रको गहिराइमा, त्यसको भित्री तहमा नै फालिदिनुभयो, त्यहाँ मलाई पानीले चारैतिरबाट घेर्‍यो, र तपाईंका शक्तिशाली छालहरू ममाथि उर्ले। मैले सोचें कि आफ्नो सामुन्नेबाट तपाईंले मलाई धपाउनुभयो, र फेरि कहिल्यै तपाईंको**

**पवित्र मन्दिर देख्न पाउनेछैन। ५ ममाथि पानी उर्लेर मेरो सास थुनिदियो, समुद्रले मलाई पूरै ढाक्यो, मेरो टाउकोमा समुद्रका झारहरू बेहेरिए। ६ म पर्वतहरूको फेदीसम्मै पुगें पृथ्वीमुनि पुगें, जसका ढोकाहरू सदाकालको निम्ति थुनिएका हुन्छन्। तर हे परमप्रभु मेरा परमेश्वर, तपाईंले मलाई ती गहिरा ठाउँहरूबाट जिउँदै फर्काई ल्याउनुभयो। ७ जब मेरो प्राण जाँदै थियो**
**तब हे परमप्रभु मैले तपाईंलाई प्रार्थना गरें र तपाईंको पवित्र मन्दिरमा मेरो बिन्ती तपाईंले सुन्नुभयो। ८ ज-जसले व्यर्थका मूर्तिहरू पुज्दछन्, तिनीहरूले तपाईंको भक्ति गर्न छोडेका छन्। ९ तर म तपाईंको प्रशंसा गाउनेछु, तपाईंलाई बलिदान चढाउनेछु र आफ्नो प्रतिज्ञा पूरा गर्नेछु। उद्धार परमप्रभुबाट आउँछ।"**

आफू समुद्रको गहिऱ्याइमा पुगेर पनि मृत्युबाट भाग्न सफल भएकोमा भजन र प्रार्थना गरेर योनाले परमेश्वरको किर्ति गाउँछन्। त्यो कविता त्यस पुस्तकको एक अंश हो। आफू समुद्रको पानीको गहिऱ्याइमा डुबिरहेको बेलामा परमेश्वरसँग सहायता मागेको योनाले सम्झिन्छन्। उनले आफ्नो मृत्युको सामना गरिरहेको थियो। जब परमेश्वरले योनालाई बचाउनुभयो (पद १०मा भनिएको छ, "तब परमप्रभुले त्यो माछालाई समुद्रको किनारमा योनालाई ओकेलिदिन आज्ञा गर्नुभयो र माछाले त्यसै गऱ्यो।") तब उहाँप्रति कृतज्ञ भएर उहाँलाई धन्यवाद चढाउँछन्।

आफूको उद्धार भएमा परमेश्वरप्रति प्रतिवद्ध हुने उनले बाचा बाँध्दछन्। त्यसमा परमेश्वरलाई धन्यबादको बलि दिने पनि वचन दिंदछन्। आफू मर्न योग्य भएतापनि बचेकोमा योना कृतज्ञ बनेको थियो। परमेश्वरले उनीप्रति ठूलो सदाशय र दया देखाउनुभएको थियो। योनाले परमेश्वरको आज्ञालाई शिरोपर गरेको थिएन। तर आफू मूर्तीपूजाको फन्दामा नपरेको हुनाले परमेश्वरप्रति आस्थावान र निष्ठावान भएको आफूलाई ठान्दथे। योनाको चरित्र कमजोर भएको हुनसक्छ। तर परमेश्वरको अगमवक्ता भएर उहाँप्रति बफादार रहन प्रयास गर्ने सङ्कल्प गरेको थियो।

**हामीहरूको हृदय अत्यन्त खुला गर्न कहिलेकाहिँ हामी भयानक अनुभवमा पस्नुपर्ने हुन्छ। तब हामी बिँउँझिन्छौं र बुझ्दछौं कि हामीहरूको सहायक केवल परमेश्वरप्रभु परमेश्वर मात्र हुनुहुन्छ। उहाँमात्र**

**हाम्रो उद्धारक हुनुहुन्छ। तपाईंको जीवनमा परमेश्वरले स्पष्टसँग काम गरिरहनुभएको अनुभवलाई सम्झनुहोस्। परमेश्वरले तपाईंले जे सिकाउनुभएको थियो वा सिकाइरहनुहुन्छ सो बिर्सन किन सजिलो छ? तपाईं दुःख, कष्ट र संघर्षमा गुज्रिरहेको बेलामा परमेश्वरको उपस्थितिलाई बिर्सिन किन सजिलो पाउनुभएको छ?**

## ४. योनाको प्रचारले सफलता हासिल गर्दछ (योना ३:१-४)

आश्चर्य तरिकाले योनालाई उद्धार गरिएपछि परमेश्वरे उनलाई फेरि निनभे शहरमा गएर प्रचार गर भनेर अऱ्हाउनुभयो। त्यस बखत योनाले तुरन्तै उहाँको निर्देशनलाई पालन गरे। परमेश्वरको सन्देशलाई योनाले प्रचार गरेपछि त्यस शहरमा रहेका सबै मानिसहरू र राजा समेत उनको सन्देशलाई गम्भिर रूपमा लिए। जुन भाषा सोडोम र गोमोरालाई नाश गर्न प्रयोग गरेको, त्यही भाषा योनाले पनि निनभेमाथि प्रयोग गरे (योना ३:१-४, उत्पत्ति १९)। **"नष्ट हुनेछ"** भन्ने योनाले प्रयोग गरेको सुरूको हिब्रू शव्द (उत्पत्ति १९:२१,२९ र योना ३:४)को अर्थ "फर्काउनेछ" वा "परिवर्तन गरिनेछ" (प्रस्थान ५:१७,२०, १ शमुयल १०:९) भन्ने पनि जनाउँछ।

परमेश्वरले शहर नाश गर्नेछ भन्ने योनाको प्रचार सुनेपछि शहरका सम्पूर्ण मानिसहरूले आआफ्ना पापहरूबाट पश्चाताप गरे। त्यो नै उनको निम्ति ठूलो सफलता थियो। मूर्तिपूजा गर्ने गैर-यहूदीहरूमा जहाजमा यात्रा गर्नेहरूपछि निनेभेका मानिसहरू दोस्रो समूह थियो जसले सृष्टिकर्ता सनातनका परमप्रभु परमेश्वरलाई विश्वास गरेको थियो। योना परमेश्वरको अशिद्ध प्रचारक भएतापनि उनको सन्देशप्रति निनभेका मानिसहरू प्रभावित भएका थिए। त्यसको नतिजा अचम्म भएको थियो। परमेश्वरको सामु तिनीहरू नरम र नम्र भएर झुके, मानिसहरू भाङ्ग्राका लुगाहरू लगाए, तिनीहरूले आफ्ना टाउकोहरूमा खरानी राखे र उपवास बसे। आआफ्ना पाप, अधर्म र दुष्ट कर्महरूप्रति अत्यन्त दुःखित भएको तिनीहरूले देखाउन चाहेका थिए। आफ्ना पापहरूबाट पश्चाताप गरेको देखाएका थिए।

**आआफ्ना पापहरूबाट मानिसहरू पश्चाताप गर्नु कत्तिको महत्त्वपूर्ण रहेछ भनेर देहायका पदहरूले औंल्याएकाछन्। त्यसले हामीलाई के सिकाउँछ? मत्ती १२:३९-४१, "येशूले भन्नुभयो, "अहो,**

हिजो-आजका मानिसहरू कति दुष्ट र व्यभिचारी छन्! यिनीहरू शक्तिशाली चिन्ह हेर्न खोज्छन्। तर अगमवक्ता योनाको चिन्हबाहेक यिनीहरूले अरू कुनै पनि चिन्ह देख्न पाउनेछैनन् ४० किनभने जसरी योनाले ठूलो माछाको पेटभित्रै तीन दिन र तीन रात बिताए, त्यसरी नै मानव पुत्रले पनि तीन दिन र तीन रात माटोमुनि बिताउनेछ। ४१ न्यायको दिनमा निनवे सहरका मानिसहरूले उभिएर हिजो-आजका मानिसहरूलाई दोष लगाउनेछन् किनभने योनाले परमेश्वरको शिक्षा प्रचार गर्दा तिनीहरूले आ-आफ्नो पापबाट पश्चात्ताप गरे। तर हेर, योनाभन्दा पनि ठूलो यहाँ कोही छ।" १ इतिहास ३६:१५-१८, "परमप्रभु तिनीहरूका पिता-पुर्खाका परमेश्वरले आफ्ना मानिसहरूलाई चेतावनी दिन अगमवक्ताहरूलाई पठाइरहनुभयो किनभने उहाँले तिनीहरू र मन्दिरलाई बचाउन चाहनुहुन्थ्यो। १६ तर तिनीहरूले परमेश्वरका सन्देशवाहकहरूको हाँसो उडाए, उहाँका वचनको वास्ता गरेनन् र अगमवक्ताहरूमाथि हँस्सी-ठट्टा गरे। अन्तमा आफ्ना प्रजाप्रति परमप्रभुको क्रोध यति ठूलो भयो कि त्यसबाट बाँच्ने केही उपाय रहेन। १७ यसकारण परमप्रभुले तिनीहरूमाथि आक्रमण गर्न बेबिलोनका राजालाई ल्याउनुभयो। त्यस राजाले यहूदाका जवान पुरुषहरूलाई मन्दिरभित्र पनि मारे। उनले युवा, बुढा-पाका, पुरुष-स्त्री, रोगी-निरोगी कसैलाई केही दया देखाएनन्। तिनीहरू सबैलाई परमेश्वरले उनका हातमा दिनुभयो। १८ बेबिलोनका राजाले मन्दिर, मन्दिरका धन-सम्पत्ति र राजा र भारदारहरूका धन-सम्पत्ति सबै लुटेर बेबिलोनमा लगेर गए।"

अशुर देशका प्रतापी राजा र जनताहरू खरानी धसेर परमेश्वरको सामु निहुरेको कुरा सुन्दा अचम्म लाग्छ। तिनीहरूको त्यो कार्यले इस्राएलका अभिमानी शासक र मानिसहरूको उपहास गरेको थियो, किनभने तिनीहरूले परमेश्वरका अगमवक्ताहरूको पश्चाताप गर्न आह्वान गरिएको वचनलाई सुन्न इन्कार गरेका थिए। तिनी दिनपछि माछाबाट ओकिलएको योनाको वचन सुनेर मानिसहरूले पश्चाताप गरेको वर्णनले परमेश्वरको सदाशयता, अनुग्रह र क्षमाशीलतालाई झल्काउँछन्।

"हाम्रो परमेश्वर दयाको परमेश्वर हुनुहुन्छ। उहाँले आफ्नो धैर्यता र दयाले उहाँका व्यवस्थालाई तोड्ने मानिसहरूलाई क्षमा दिनुहुन्छ। तर आजकाल पुरूष र महिला सबैले परमेश्वरको वचन पवित्र धर्मशास्त्र पढ्न अवसर पाएका छन्। तिनीहरूले त्यस वचन

अनुसार उहाँको व्यवस्थालाई पालन गर्न सक्दछन्। त्यसको बाबजुद पनि हाम्रा शहरहरूमा भएका हिँसा, अपराध र दुष्ट कामहरूले जताततै भरिएको कारणले परमेश्वर प्रशन्न हुनुहुन्न। यदि ती शहरका मानिसहरूले निनभेका मानिसहरू जस्तै पश्चाताप गरे भने योनाले दिएको सन्देश जस्तै अझ धेरै सन्देशहरू प्रचार गरिने थिए।"-एलेन जी ह्वाइट, द एडभेन्ट रिभ्यु आण्ड सब्बथ हेराल्ड, अक्टोबर १८, १९०६।

**हृदयदेखि सच्चारूपमा पश्चाताप गर्नु अर्थात् आफ्ना दुष्कर्मदेखि दुःखित हुनु भनेको योना ३:५-१०ले कसरी देखाउँछ? हाम्रै जीवनमा पनि ती नितिहरू कसरी लागु गर्नसक्छौं? हेर्नुहोस्: "५ निनवेका मानिसहरूले परमेश्वरको वचनमा विश्वास गरे। यसकारण सबैले उपवास बस्नुपर्छ भनी तिनीहरूले पक्का गरे। साना-ठूला सबै मानिसहरूले भाङ्ग्रा लाएर आफूले पश्चात्ताप गरेको प्रकट गरे। ६ निनवेको राजाले यो कुरा सुनेर सिंहासनबाट उठी आफ्ना राजकीय पोशाक फुकाले र भाङ्ग्रा लाएर खरानीमा बसे। ७ उनले यस्तो आदेश निनवेका बासिन्दाहरूलाई पठाए, "यो राजा र भारदारहरूको आज्ञा हो। कसैले केही खानेछैन। सबै मानिसहरू, गाई-गोरुहरू र भेडा-बाख्राहरूलाई खानु वा पिउनु मनाइ छ। ८ सबै मानिसहरू र पशुहरूले भाङ्ग्रा लाउनुपर्छ। सबैले मन लाएर परमेश्वरलाई प्रार्थना गर्नुपर्छ र आफ्ना दुर्व्यवहार र कुकर्म त्याग्नुपर्छ। ९ सायद, परमेश्वरले आफ्नो मन बदल्नुहुनेछ र हामीप्रतिको क्रोध थाम्नुहुनेछ र हामी नष्ट हुनेछैनौं।" १० तिनीहरूले गरेका कुरा परमेश्वरले देख्नुभयो। तिनीहरूले आफ्ना दुष्ट काम त्यागेका उहाँले देख्नुभयो। यसर्थ तिनीहरूलाई दण्ड दिने आफ्नो मन बदल्नुभयो। उहाँले तिनीहरूलाई दण्ड दिनुभएन।"**

## ५. परमेश्वरले क्षमा त दिनुभयो तर उहाँको क्षमाप्रति योनाको रिस (योना ४)

योना ४ अध्यायमा हामीलाई अत्यन्त महत्त्वपूर्ण पाठ सिकाउँदछ। त्यसमा परमेश्वरको भक्त भन्नेको पाखण्डीपनाको भन्डाफोर गरिएको छ। हेर्नुहोस्, "१ तर यो कुरा योनालाई साह्रै मन परेन र उनी रिसाए। २ अनि उनले यसरी प्रार्थना गरे, "परमप्रभु, तपाईंले यस्तै

नै गर्नुहुन्छ भनेर मैले घरबाट निस्कनुअघि नै भनेको थिइनँ र? त्यही कारणले मैले तर्शीशमा भागी जाने सक्दो चेष्टा गरें। तपाईं प्रेमी, कृपालु, सदा धीरजी, सदा दयालु परमेश्वर हुनुहुन्छ, तपाईंले आफ्नो मन बदल्नुहुन्छ र दण्ड दिनुहुन्न भनी म जान्दथें। ३ परमप्रभु, अब मलाई मर्न दिनुहोस्। मलाई अब बाँच्नुभन्दा त मर्नु नै असल छ।" ४ परमप्रभुले जवाफ दिनुभयो, "तँलाई रिसाउने के हक छ?" ५ योना सहरको पूर्वपट्टि निस्केर भूइँमा बसे। आफ्नो निम्ति एउटा छाप्रो बनाएर त्यसको छहारीमा उनी बसे। अनि निनवे सहरलाई के हुँदोरहेछ भनी हेर्न पर्खिबसे। ६ तब परमप्रभु परमेश्वरले योनालाई केही आराम होस् भनी छायाँ दिनलाई एउटा बोट त्यहाँ उमारिदिनुभयो। त्यो बोट देखेर योना औधी रमाए। ७ तर भोलिपल्ट उज्यालो हुने बेलामा परमेश्वरले एउटा किरालाई त्यो बोट खान खटाउनुभयो। किराले त्यो खायो र त्यो बोट ओइलाएर मऱ्यो। ८ घाम झुल्केपछि परमेश्वरले पूर्वदेखि तातो हावा चलाउनुभयो र घामको चर्को ताप योनाको थाप्लोमा पऱ्यो। गर्मीले तिनी झण्डै मुर्छा परे। तिनले मर्ने इच्छा गरे। उनले भने, "मलाई बाँच्नुभन्दा त मर्नु नै असल छ।" ९ तर परमेश्वरले उनलाई भन्नुभयो, "त्यो बोटबारे रिसाउने तेरो के हक छ र?" योनाले जवाफ दिएर भने, "म नमरून्जेल मेरो रिसाउने हक छ" १० परमप्रभुले योनालाई भन्नुभयो, "त्यो बोट एकै रातमा उम्रियो र अर्को रातमा नष्ट भएर गयो। त्यसको निम्ति तैंले केही गरिनस्, तैंले त्यसलाई न रोपिस् न त उमारिस् र पनि तँ त्यसको निम्ति डाहा गर्छस् ११ के त्योभन्दा धेरै दया मैले त्यो ठूलो सहर निनवेलाई नगर्नु र? त्यहाँ असल र खराब छुट्टयाउन नसक्ने १,२०,००० भन्दा पनि धेरै निर्दोषी मानिसहरू छन् र त्यति नै पशुहरू छन्।"

योना ४ ले योनाको चरित्रको बारेमा अचम्म तरिकाले खुलासा गरिएको पाउँछौं। परमेश्वरको सदाशयता, अनुग्रह र क्षमाशीलतालाई देख्नुभन्दा मर्न चाहेको उनले व्यक्त गर्दछन्। जब माछाको पेटबाट उनलाई उद्धार गरिएको थियो तब उनले कृतज्ञ भएर परमेश्वरको स्तुति र प्रशंसा गाएका थिए (योना २:७-९)। तर अहिले परमेश्वरले निनभेको मानिसहरूलाई नाश नगर्नुभएकोमा उहाँप्रति योनाले घोर आपत्ती जनाएका थिए। आफू मर्न चाहेको घुर्की उनले परमेश्वरलाई सुनाएका थिए (योना ४:२,३)।

हुनसक्छ योना एक जना अतिवादी यहूदी थिए होला (प्रायजसो सबै धर्महरूमा यस्ता मानिसहरू हुन्छन्। दुष्टलाई तुरन्तै नाश गर्ने रिसाहा परमेश्वर भनेर उहाँको चित्रण योनाले निनभेलाई गरेका होला वा उहाँप्रति नकारात्मक राखेको होला। तर "दुष्ट मानिसहरू नाश भएको परमेश्वर खुशी हुनुहुन्न" भन्ने परमेश्वरको मनशायलाई बाइबलले बारम्बार चित्रण गरेको छ (इजकिएल ३३:११)। आफ्ना इस्राएली जनहरूलाई परमेश्वरले सदाशयता वा दया देखाउँदा योना र उनका देशबासीहरू खुशी हुन्थे। तर तिनीहरूका शत्रुहरूप्रति परमेश्वर रिसावस भन्ने तिनीहरूको चाहना थियो। तर त्यस्ता किसिमको कठोर हृदय र अतिवादीपना बाइबलको विद्याले सिकाउँदैन।

**योनाका केही गलत कदमहरूबाट हामी के सिक्न सक्छौं? परमेश्वरसँगको दिनदिनै हिंडाईमा हामीहरूको व्यक्तिगत भावना वा सोचले कसरी प्रभावित पार्न सक्दछ?**

परमेश्वरको प्रचारक वा अगमवक्ता कसरी नहुने भनेर योनाको पुस्तकबाट सिक्न सकिन्छ। प्रचारकले त्यसलाई हातेपुस्तक अर्थात् मार्ग निर्देशिका भनेर लिएपनि हुन्छ। योनामा विद्रोही भावना थियो। परमेश्वरको कुरालाई नमान्ने उनको चरित्र थियो। आफूसँग भएको आत्मिक चेतनालाई उनले गलत बाटोमा सोझ्याएका थिए। दुष्ट बाटोमा लागिरहेका आफ्ना शत्रुहरूको बदला नलिनुबाट उनी हट्न सकेको थिएन। योनाको चित्त सानो थियो। उनी शङ्कुचित भावनाको व्यक्ति थियो। (आफ्नो धर्म र जातप्रति मात्र गौरव गर्ने उनी अतिवादीले पिडित थियो)। उनी रिसाहा थियो, (अर्थात् धर्मको नाउँमा अरू नाश भएको हेर्न चाहन्थे। धर्मको भेष ओडेर उनी कठोर हृदय भएको परमेश्वरको भक्त थियो)। जसरी परमेश्वरले उनलाई सदाशयता र दया देखाउनुभयो त्यसरी नै निनभेका मानिसहरूलाई पनि त्यही सदाशयता र दया देखाउनुभएकोमा उनी खुशी हुनुपर्दथ्यो। बरू स्वार्थता र पापले ग्रष्ट भएको अहँताले गर्दा उनी परमेश्वरसँग रिसाउन पुगे।

आफूले प्रचार गरेपछि नाश नभएको निनभेले गर्दा आफू असफल प्रचारक भएको उनलाई महशूस भएको थियो। स्वर्गबाट आगो पठाएर तिनीहरूको नाश नभएकोले उनले आफू लाजमर्दो भएको ठानेका थिए। त्यसले गर्दा उनको अन्तिम वचनमा आफ्नो

आत्महत्याको चाहना गरे (योना ४:८,९)। (धर्मको नाउँमा अरूलाई मार्न नसकिएकोले आफै मर्न खोज्नु जस्ता मनोवृत्तिलाई सम्मान मृत्यु (हनर किलिङ्ग honor killing) भन्नु मनाशिव देखिन्छ–अनुवादको प्रतिक्रिया)। तर योनाको पुस्तकमा लेखिएको परमेश्वरको अन्तिम वचनले परमेश्वरको महान् असिमित अनुग्रह र सदाशयता देखाउँछ। मानिसको मृत्यु होइन तर जीएको चाहना परमेश्वरको छ (यूहन्ना ३:१६) भनेर त्यसले स्वीकारोक्ति गरेको छ।

योनाको पुस्तकलाई खुला रूपमा अन्त्य गरेको छ। त्यस पुस्तकका अन्तिम अध्यायमा उल्लेखित पदहरूले पाठकहरूको मनमा एक महत्त्वपूर्ण जिज्ञासा राखिदिएको छ, जसको जवाफ त्यस पुस्तकको लेखकले दिएको छैन। के निनभेका मानिसहरूको हृदय अचम्म तरिकाले परिवर्तन हुँदा योनाको हृदय पनि परिवर्तन भयो त? (उडन्ता पुत्रको कथामा बाबुले फर्किएको छोरालाई सदाशयता र माया देखाउँदा के उसको जेठो छोरोको मन परिवर्तन भयो त?–अनुवादकको जिज्ञासा)।

**योनाको पुस्तकमा लेखिएका कतिपय कुराहरू बुझ्न सजिलो त छैन। विशेष गरेर परमेश्वरको उपासक भनेर कहलाइने योनाको स्वभावको बारेमा हाम्रो मनमा प्रश्न उठ्नु स्वभाविक भएको पाउँछौं। हामीहरूको चित्त, अनुग्रह, दया, सदाशयता, माफ गर्ने स्वभाव र मायाभन्दा परमेश्वरका ती गुणहरू अपार छन् भनेर त्यस पुस्तकको वृतान्तले देखाएको हुनुपर्दछ। परमेश्वरले योना र निनभेका मानिसहरूलाई जुन रूपमा क्षमाशीलता, दया, अनुग्रह, पूर्वाग्रहरहित र महान् स्वच्छ प्रेम देखाउनुभयो त्यस्ता सर्वोहित गुणहरू हामीले पनि किन नसिक्ने?**

## उपसंहारः

**थप जानकारीः** योनाको पुस्तकबाट स्पष्टरूपमा आत्मज्ञान हामीले कसरी हासिल गर्न सक्छौं भनेर देहायका अभिव्यक्तिहरूबाट हामी कसरी सिक्नसक्छौं?

"जहाँ जुनबेला पनि आवश्यक परेमा परमेश्वरका भक्तहरूले उहाँको सहायता माग्न सकिन्छ। निनभे कत्तिको दुष्ट र भयङ्कर पापी थिए भन्ने कुरामा परमेश्वरको त्यस्तो सरोकार नभएतापनि तिनीहरूको क्रन्धनप्रति उहाँ संवेदनशील हुनुभएको थियो। तिनीहरूको चित्कारले परमेश्वरको करूणा र दयाको ढोका खोलाएको थियो। निनभे जतिसुकै

भयानक दुष्ट र अन्धकारले छ्याएको भएतापनि परमेश्वरको उपासना गर्नेहरूले पापले गर्दा ध्वस्त भएको मानव मन्दिरलाई परमेश्वरको मन्दिरमा परिवर्तन गर्न सकिन्छ भनेर योनाको पुस्तकले खुलासा गरेको छ।"- *एसडिए बाइबल कमेन्टरी*, ठेली ४, पृ. १००३बाट रूपान्तरित।

"निनभेलाई बचाउने परमेश्वरको लक्ष्यप्रति योना अलमलमा परेका थिए। दुष्ट निनभेप्रति परमेश्वरले त्यस्तो कदम किन चाल्नुभयो भन्ने कुरालाई उनले बुझ्न सकेको थिएन। यद्यपि परमेश्वरको निर्देशनलाई पालन गरेर योनाले निनभेका जनताहरूलाई चेतावनी सुनाए। परमेश्वरले दिनुभएको भविष्यवाणी पूरा नहोला (जसरी तत्कालै योनाले भनेको समयमा निनभे नाश भएन), तैपनि सन्देशचाहिँ परमेश्वरबाट नै थियो। परमेश्वरको योजना मुताविकै नै उहाँको सन्देशले सफलता हासिल गरेको थियो। निनभेका जनताहरूलाई परमेश्वरको गरिमामय र महिमित अनुग्रह देखाइएको थियो।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ २७२, २७३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. प्रकृतिको नियन्त्रण परमेश्वरमा छ भनेर योनाको पुस्तकले सिकाउँदछ। कुनै अचानक तथा भयङ्कर विपत्तीमा तपाईंको मित्रको परिवार गुमाए रे भनेर कल्पना गर्नुहोस्। त्यस्तो परिस्थितिमा सारा थोकको नियन्त्रण परमेश्वरले अझै पनि गरिरहनुभएको छ भनेर कसरी बुझाउने? विभिन्न आपद विपद वा दैवी तथा प्राकृतिक प्रकोपबाट अनगिन्ती मानिसहरूको नाश भइरहेको थाहा पाउँदा पाउँदै पनि सबै शङ्कटमा परमेश्वरको उपस्थिति छ र उहाँकै काबुमा छ भनेर हामीहरूले कसरी चित्त बुझाउने?

आ. योनाको पुस्तकमा लेखिएका अन्तिम पद पढ्नुहोस्। सारा संसारमा परमेश्वरको वचन सुनाउने अभिभारा हाम्रो किन हुनुपर्दछ भनेर त्यस पदले कसरी सिकाउँछ?

इ. एक जना माफी नदिने सरकारी कर्मचारीको बारेमा येशूले नितिकथा भन्ने भएको थियो। त्यसको बारेमा

पढ्नुहोस् (मत्ती १८:२१-३५)। निचोडमा त्यो कथाले एक जना कर्मचारी जसले राजालाई धेरै ऋण तिर्नुपरेको बारेमा बताउँछ। राजाले त्यससँग हिसाबकिताब माग्दा उसले सरकारी ढुकुटीबाट धेरै पैसा ऋण लिएको रहेछ। त्यसलाई सबै तीर भन्दा तिनी रातोपिरो भयो। राजालाई थाहा थियो त्यसले त्यो ऋणलाई कहिलै पनि तिर्न सक्दैन। आखिरमा दयाले भरिएर त्यस कर्मचारीको ऋण माफी गरिदियो। त्यो अत्यन्त खुशी भयो र आफूलाई अत्यन्त गर्व लाग्यो कि अब तिनी सबै ऋणबाट मुक्त भयो, उसले जम्मा गरेको उसैको भयो। तिनी घमण्डले फुल्यो। त एक दिन उसले थोरै पैसा ऋण दिएको मानिस भेट्यो र त्यो सबै ऋण तुरन्त तीर भनेर हुकुम गरे। जसरी भएपनि तिर्छु भनेर अनुनय विन्ती गर्दा पनि त्यसले मानेन र उसलाई कठालो समातेर झ्यालखानामा राखीदियो। राजाबाट ऋणमुक्त भएको व्यक्तिको दुर्व्यवहारको बारेमा राजाले थाहा पाए र बेसरी हकारेर भने, "मैले दया गरेजस्तै तिमीले पनि दया देखाउनु पर्दैन र। ल तिमी पनि त्यही झ्यालखानामा जाऊ जबसम्म सबै ऋण तिर्न सक्दैनौ।" माफी पाएतापनि माफी नदिने कर्मचारीसँग रिसाउने राजालाई परमेश्वरसंग येशूले तुलना गर्नुभएको थियो। के परमेश्वरले हामीले गरेको सबै अधर्मलाई स्वाहा पार्नुहुन्छ त? कुनै कुनै इसाईहरूले त्यो स्वाहा हुन्दैन भनेर तर्क गर्दछन्। तपाईं के भन्नुहुन्छ र किन?

ई. संसारका कतिपय मानिसहरूले ठूलो माछाले मानिसलाई निलेर बाँच्न सक्दैन भनेर विश्वास गर्दछन्। तर येशूले त्यो कथा काल्पनिक नभएर सत्य हो भनेर स्वीकार्नुभएको छ। परमेश्वरले आफ्नो शक्तिद्वारा गरिने आश्चर्य कामलाई स्वीकार गर्न नसकिने संकुचित विचारधाराप्रति हामीले के भन्ने?